# बाल बिवाह व्यापकता सर्वेक्षण प्रतिबेदन

# Report on Child Marriage Prevalence Survey

## सान्नी त्रिवेणी गाउँपालिका,कालीकोट

**Sannitriveni Rural Municipality, Kalikot**

प्लान ईन्टरनेशनल नेपाल

सान्नी त्रिवेणी गाउँपालिका
कालीकोट

सामाजिक जागरण तथा बिकास
प्रतिष्ठान (सादा) नेपाल,कालीकोट

मानव अधिकार तथा वातावरण विकास
केन्द्र(हुरेन्डेक) नेपाल,कालीकोट

सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

## Contents


शब्दावली तथा परिभाषा ........ 2

कृतज्ञता ........ 3

एकाइ १ परिचय ........ 4

१.१ पृष्ठभूमि (Background) ........ 8

१.३ सर्वेक्षणको उद्देश्य ........ 10

एकाइ २ सर्वेक्षण क्षेत्र र विधि ........ 11

२.१ गाउँपालिकाको पृष्ठभुमि (Background of Rural Municipality) ........ 11

२.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू ........ 11

२.३ नमूना छनौट प्रक्रिया र नमूना ........ 12

२.४ डाटा सङ्कलन विधि ........ 12

२.५ बाल संरक्षण, सहमति र गोपनीयता ........ 13

२.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण ........ 13

२.७ अध्ययनको सीमितता ........ 13

एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings) ........ 15

३.१ विवाह गर्ने कानुनी उमेर बारे जानकारी ........ 15

३.२ बालविवाह ........ 16

३.२.५ गर्भावस्था र बालबच्चाको विवरण ........ 24

३.२.६ बालविवाहका कारणहरू ........ 24

३.२.७ बालविवाहको अन्त्य गर्न सम्भावित उपायहरु ........ 25

३.२.८ बालविवाहले पार्ने नकारात्मक असरहरुको जानकारी ........ 27

३.२.९ बालविवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी ........ 27

३.२.१० बालविवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान ........ 29

३.२.११ बालविवाह अन्त्यको लागि समुदायमा क–कसले भूमिका खेल्न सक्छ ........ 29

३.२.१२ बालविवाह अन्त्यको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको जानकारी ........ 30

एकाइ ४ निष्कर्ष र सुझाब (Conclusion and Recommednations) ........ 32

४.१ निष्कर्ष ........ 32

४.२ सुझाब ........ 36

धन्यबाद ........ 37


गाउँपालिका ... त्रिवेणी गाउँपालिका कार्यपालिकाको कार्यालय मेहलमुडी, ... कर्णाली प्रदेश, नेपाल २०७२



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष

**शब्दावली तथा परिभाषा**

बालबालिका: संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

## कृतज्ञता

प्लान ईन्टरनेशनल नेपालले गर्ल्स गेट इक्वलः वालविवाह, छिटो हुने विवाह र जवरजस्ति गरिने विवाह रोकथाम (NORAD) परियोजना बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुका १० वटा पालिकामा बालविवाह र छिटो हुने विवाहको व्यापकता दर सर्वेक्षण सञ्चालन गर्ने प्रक्रियामा सहयोग गर्ने सबै सरोकारवालाहरुलाई परियोजनाको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौ। परियोजनाको कार्यान्वयन साझेदारहरू सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) र मानव अधिकार तथा वातावरण विवकास केन्द्र (हुरेन्डेक) ले परियोजना सम्बन्धी जानकारी प्रदान गर्न, स्थानीय सरकारहरूसँग समन्वय गर्न र सर्वेक्षण गर्न आवश्यक गणकहरूको छनोटमा उत्तरदायी र सहयोगी भुमिका खेल्नु भएकोले वहाँहरु प्रति आभार व्यक्त गर्दछौ । प्लान ईन्टरनेशनल नेपालको पश्चिम क्षेत्रीय कार्यालय (RoW) का अम्बिका तिमिल्सिना (परियोजना प्रबन्धक), झलक विश्वकर्मा (परियोजना संयोजक), हसरत अली (अनुगमन, मूल्याङ्कन, अनुसन्धान संयोजक) लगायत बलिराज शाही (हुरेन्डेक) दल सिंग कुमाल र नमराज योगी (सादा नेपाल) जसले यो सर्बेक्षणमा महत्त्वपूर्ण सहयोग गर्नु भएकोछ वहाँहरुलाई कृतज्ञता व्यक्त गर्दछौ । सर्वेक्षण प्रक्रियाको वा अन्तरवार्ताको क्रममा आफ्नो अमूल्य समय सहित जानकारी तथा सूचना प्रदान गरि दिनु हुने यस पालिकाका सम्पूर्ण सहभागिहरु तथा दाजु भाई दिदीबहिनी बाबु, आमा, समुदायका अगुवाहरू सबैप्रति हामी आभारी छौं । यो सर्वेक्षण गर्न प्रश्नावलीहरुमा विचार प्रदान गर्नु हुने तथा सर्वेक्षण गर्नको लागि अनुमति दिने यस पालिका लगायत यस पालिकाका सबै प्रतिनिधीज्यूहरुलाई विशेष धन्यवाद । धैरै व्यक्तिहरु र सरोकारवालाहरुको सहयोगले यो अन्तिम प्रतिवेदन तयार गर्न सम्भव भएको छ तसर्थ म यस प्रक्रियामा सहभागि सबै व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छौं।

झलक विश्वकर्मा

परियोजना संयोजक

प्लान ईन्टरनेशनल नेपाल


शुभ त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मैनतडी, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

## सारांश (Summary)


कर्णाली प्रदेश अन्तर्गत कालीकोट जिल्लाको सान्नित्रीवेणी गाउँपालिकामा बाल विवाह व्यापकता सम्बन्धी एक सर्वेक्षण गरिएको थियो । यस सर्बेक्षणमा २७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र विवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । कुल मिलाएर सबै वडाहरुबाट १२८ (महिला ५० र पुरुष ७८ ) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो ।

समग्रमा, ३९ प्रतिशत महिला र ६१ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए जहाँ ६७ प्रतिशत ब्राह्मण/क्षेत्री, २७ प्रतिशत पहाडी दलित र ५ प्रतिशत अन्य जातजातिको सहभागिता थियो । यसरीनै उमेरगत रुपमा, ३५ प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका थिए, त्यसपछि ४४ प्रतिशत ४१-६० वर्ष उमेर समूहका, १३ प्रतिशत उत्तरदाता २० वर्ष मुनिका र ९ प्रतिशत उत्तरदाता ६१ वर्षभन्दा माथिका थिए ।

यो अध्ययनमा सहभागि भएका १२८ घरपरिवार मध्य समग्रमा ७१ प्रतिशत सहभागिलाई विवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो ।

यस गाउँपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ५८ प्रतिशत, सन् २०२१ मा ७० प्रतिशत र सन् २०२२ मा ४८ प्रतिशत बाल विवाहको दर पाईयो । बाल विवाहको दर घटेको पाईएतापनि ४८ प्रतिशत बाल विवाह हुनु भनेको जुन नेपालको औषत दर भन्दा धेरै बढी हो । यस पालिकामा एक वर्षमा २३१ जनाको बिवाह भएका थियो । यसमा ११० बाल विवाहमा पर्दछन् जुन जम्मा बिवाहको ४८ प्रतिशत हुन आउँछ ।

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने वाल विवाह सबै भन्दा बढी ब्राह्मण क्षेत्री समुदायमा जम्मा १५५ वटा विवाह भएकामा ६४ विवाह (४१ प्रतिशत) बालविवाह भएको छ भने दलित समुदायमा जम्मा ६४ वटा विवाह भएकामा यस बर्ष ४३ विवाह (६७ प्रतिशत) बालविवाह भएको देखिन्छ । यसर्थ बाल विवाहको दर अन्य समुदायमा भन्दा बढी दलित समुदायमा पाईयो ।

सन् २०२२ अवधिमा जम्मा भएको बालविवाह मध्ये करिब ५ (११० मा ५ जनाले ) प्रतिशत अभिभावकले विवाह गरी दिएको देखिन्छ भने बाँकि ९५ (११० मध्ये १०५) प्रतिशत आफ्नै ईच्छाले विवाह गरेको पाईयो ।

त्यसैगरी जम्मा ११० बालविवाह भएका मध्ये ९५ प्रतिशत आफ्नै ईच्छाले विवाह गरेको पाईयो भने अभिभावकले बाल विवाह दिएको घटना ५ प्रतिशत मात्र देखिन्छ । आफ्नै ईच्छाले विवाह गरेको ७१ जना केटीका बालविवाह मध्ये ९४ प्रतिशत केटीहरूले आफ्नै ईच्छाले र ६ प्रतिशत केटीहरूलाइ अभिभावकद्वारा विवाह गरिदिएको पाईयो । त्यसैगरी ३९ जना केटाहरूका बालविवाह मध्ये मध्ये ९७




सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश, नेपाल २०७३

नेत्र राज शाही प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी. गा.पा.अध्यक्ष

प्रतिशतले आफ्नै ईच्छाले विवाह गरेको र ३ प्रतिशतलाइ अभिभावकद्वारा वाल विवाह गरीदिएको देखिन्छ ।

२० वर्ष उमेर माथि विवाह भएको (१२१) मध्ये जम्मा १७ प्रतिशत विवाहको मात्र विवाह दर्ता भएको देखियो । २० वर्ष उमेर माथि विवाह भएको (१२१) मध्ये जम्मा ४४ प्रतिशत महिलाहरुको र ५६ प्रतिशत पुरूषहरूका विवाह भएका देखिन्छ । २० वर्ष उमेर माथि विवाह भएको महिलाका हकमा जम्मा ५३ जनाको विवाह दर्ता भएको १९ प्रतिशत (१० जना) मात्रै देखियो भने पुरुषहरुको हकमा ६८ जना मध्ये १६ प्रतिशतका मात्र विवाह दर्ता भएको पाईयो । यो अध्ययनले सान्नीत्रवेणी गाउँपालीकामा महिला र पुरुष दुबै समूहमा विवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ विवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउनु जरुरी देखियो ।

यसरीनै सान्नीत्रिवेणि गाउँपालिकामा वाल विवाह गरेकाहरु ११० जना मध्ये (९१ जना जो विध्यालयमा थियो वा जसले पढाईलाई निरन्तरता दिई रहेका थियो) ९ (करिब १० प्रतिशतले) जनाले पढाई छोडेको पाईयो । वाल विवाह गरेकाहरु मध्ये करिब ९१ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको थियो भने विवाह पश्चात घटेर ८१ जनाले मात्र पढाँई नियिमत गरिरहेको पाईयो । यसर्थ अध्ययनले के देखाउछ भने धेरै मात्रामा (१० प्रतिशत) विवाह पश्चात पढाई छोडेको अवस्थाले विवाहले पढाईमा नकारात्मक असर पार्ने देखाउछ ।

सन् २०२२ मा विवाह भएका महिलाहरु मध्ये १८ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने वाल विवाह गर्नेहरु मध्ये ११ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ ।

सान्नित्रीवेणी गाउँपालीकाका विवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि वाल विवाहका कारणहरु सोध्दा ६४ प्रतिशत उत्तरहरु प्रेमका कारण आफै भागेर विवाह गर्ने गरेकोले वाल विवाह भएका थियो भन्ने पाइएका छ भने ६३ प्रतिशत उत्तरहरु गरीबिको कारणले, ४८ प्रतिशत सामाजिक परम्परागत कारणले र ३४ प्रतिशत उत्तर साथिहरुको लहलहैमा लागेर र सामाजिक संजालका प्रयोगका कारणले बाल विवाह हुने गरेको उत्तर आएको देखिन्छ ।

सान्नीत्रिवेणी गाउँपालिकामा विवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि वाल विवाहले किन निरन्तरता पाई रहेको छ र यसलाई कसरी हटाउन वा वाल विवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा सबैभन्दा बढी ६८ प्रतिशतले बालवालिकाहरुलाई शिक्षामा अनिबार्य गरेर, ६२ प्रतिशतले अभिभावकहरूलाइ जनचेतना जगाएर, ५९ प्रतिशतले कडा कानुनी व्यवस्था लागु गरेर र ५७ प्रतिशतले बालबालिकाहरू स्वयंमा चेतना जगाएर समुदायमा रहेको वाल बिबाहको चलन अन्त्य गर्न सक्ने बताएका थिए भने अन्य केही प्रतिशतले उपरोक्त तालिकामा भएबमाजिमका उपायहरू पनि बताएका थिय ।

सान्नीत्रिवेणी गाउँपालिकामा एक बर्ष भित्र विवाह भएका १२८ घरधुरीका उत्तरदातालाई बाल बिबाहले के कस्ता नकारात्मक असरहरु पार्छ भन्ने प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ८५ प्रतिशत



सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलकुडा, कालीकोट कर्णाली प्रदेश, नेपाल २०७३

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

उत्तरहरु छिटो गर्भवती र बच्चा जन्मिने खतरा, ७६ प्रतिशत उत्तरहरु विध्यालय जान छोड्ने र ६३ प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या हुने बतएका छन् ।

कुल उत्तरदाता (१२८ ) मध्ये ८ प्रतिशत (१० जना) लाई मात्र चारवटै (विवाह दर्ता नहुने, विवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा विवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालविवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो ।

सान्नीत्रिवेणी गाउँपालिकामा एक बर्ष भित्र विवाह भएका घरधुरीका उत्तरदाता १२८ जना लाई यदी समाजमा वाल विवाह घटनाहरू भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि प्रश्नहरू सोधिएको थियो । जसमा सबै भन्दा बढी ७७ प्रतिशत उत्तरहरु पुलिसमा रिपोर्ट गर्नु पर्छ, ७५ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ४६ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, २५ प्रतिशत बाल हेल्पलाईनमा, २१ प्रतिशत उत्तरहरु निगरानी समूहमा रिपोर्ट गर्नु पर्छ र ९ प्रतिशत उत्तरहरु थाहानै छैन भन्ने पाईएको छ ।

कुल उत्तरदाता (१२८) मध्ये ७७ प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालविवाह रोक्न मद्‌दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने ६० प्रतिशत पालिकाले, ५६ प्रतिशत परिवारले, ५१ प्रतिशत युवा क्लब र सँजालले, ४७ प्रतिशत बालक्लब र सँजालले, ३९ प्रतिशत प्रहरीले समुदायमा बालविवाह रोक्न मद्‌दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू प्राप्त भएका छन् । यसर्थ यि माथि सुझाएका सरोकारवालहरुसँग समुदायमा रहेका बालविवाह रोक्न सहकार्य गर्न जरुरी देखिन्छ ।

समग्रमा ४९ प्रतिशत (१२८ को ६३) उत्तरदाताले मात्र समुदायमा बालविवाह अन्त्यका लागि काम गर्ने संस्थाहरूको बारेमा जानकारी भएको बताएका छन् ।

**सुझावहरु**

वाल विवाहको चलन भएको वडाहरुमा विशेष योजना बनाएर वडा कार्यालयहरु पालिकासँग मिलेर वाल विवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ । वाल विवाहको चलन बढी भएको समुदायहरु जस्तै दलित समुदाय भएको गाउहरुमा विशेष योजना बनाएर वाल विवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

सन् २०२२ अवधिमा जम्मा वाल विवाह भएका मध्ये अधिकांश आफ्नै ईच्छाले विवाह गरेको पाईयो तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई वाल विवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु बढी जोड दिएर सन्चालन गर्नु पर्ने देखिन्छ ।

२० वर्ष उमेर माथि विवाह भएको (१२१) मध्ये जम्मा १७ प्रतिशतका मात्र विवाह दर्ता भएको देखियो । अधिकाँश सबै वडा हरुमा विवाह भए पछि विवाह दर्ता नगर्ने चलन रहेको देखियो जुन ८३ प्रतिशत देखिन्छ भने सबैभन्दा बढी वडानं. ५, ८ र ९ मा १०० प्रतिशतले नै विवाह दर्ता नगरेको पाइयो । तसर्थ



सान्नी त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश, नेपाल २०७३

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

विवाह भएका सबैको विवाह दर्ताको लागि वडा कार्यालयहरुसँग मिलेर विवाह दर्ता अभियान सञ्चालन गरी सबैको विवाह दर्ता गर्नु पर्ने देखिन्छ ।

समग्रमा सान्नीत्रिवेणि गाउँपालिकामा वाल विवाह गरेकाहरु ११० जना मध्ये (९१ जना जो विध्यालयमा थियो वा जसले पढाईलाई निरन्तरता दिई रहेका थियो) ९ (करिब १० प्रतिशतले) जनाले पढाई छोडेको पाईयो । वाल विवाह गरेकाहरु मध्ये करिब ९१ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको थियो भने विवाह पश्चात घटेर ८१ जनाले मात्र पढाँई नियिमत गरिरहेको पाईयो । यसर्थ अध्ययनले के देखाउछ भने धेरै मात्रामा (१० प्रतिशत) विवाह पश्चात पढाई छोडेको अवस्थाले विवाहले पढाईमा नकारात्मक असर पार्ने देखाउछ । तसर्थ वाल विवाहको चलन बढी भएको समुदायहरुमा वाल विवाह पश्चात शिक्षाबाट बन्चित हुने कुराको जनचेतना जगाउनु पर्ने देखिन्छ ।

सन् २०२२ मा विवाह भएका महिलाहरु मध्ये १८ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने वाल विवाह गर्नेहरु मध्ये ११ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ । यसर्थ कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्न सक्ने नकारात्मक असरहरुको जनचेतना पुर्याउनु पर्ने देखिन्छ

कुल उत्तरदाता (१२८ ) मध्ये ८ प्रतिशत (१० जना) लाई मात्र चारवटै (विवाह दर्ता नहुने, विवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा विवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालविवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो । यसर्थ बालविवाहका सबै कानुनी प्रावधानहरूका सम्बन्धमा समुदायका मानिसहरूलाई चेतना जगाउनु पर्ने देखिन्छ।

त्यसैगरी यस सर्वेक्षणमा सहभागीहरूबाट प्राप्त सल्लाह अनुसार बालविवाह हुनुका कारणहरूमा केन्द्रीत रही कार्यक्रम तथा बजेट योजना गर्नुपर्ने देखिन्छ ।



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

# एकाइ १ परिचय

## १.१ पृष्ठभूमि (Background)

नेपालमा प्रचलित बालविवाह एक सामाजिक समस्याको रुपमा रहेका छ । नेपालमा बालविवाहको प्रचलन बढी छ जस्मा २०-२४ वर्षका नेपाली महिला मध्ये ३७ प्रतिशतले १८ वर्षको उमेरमा पहिलो विवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा विवाह भएको पाइन्छ । बालविवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढि भएको पाइन्छ । त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रुपमा उच्च बालविवाहको प्रचलन भएको पाइन्छ । अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालविवाहको प्रचलन फरक फरक पाइन्छ ।

नेपालको संविधान (संविधान २०७२) ले बालविवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ । संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालविवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकार, जोखिमपूर्ण कामबाट संरक्षणको अधिकार र उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ । संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ ।

नेपाल सरकारले नेपालमा बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति २०७२ लाई अपनाएको छ, जसले बालविवाह विरुध्द लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ । विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले २०३० सम्ममा बालविवाह उन्मूलन गर्नेछ । यसले बालविवाह अन्त्य गर्न बहु-क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ । रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरण, बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षा, बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउने परिवार र समुदायलाई सहभागि गर्ने, सेवाहरूमा पहुँच र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने । स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालविवाह घटाउने सूचकहरू ८० प्रतिशत पुरा भएपछिमात्र घोषणा गर्नुपर्नेछ ।

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी, सल्यान कर्णाली प्रदेश, नेपाल २०७३



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

प्लान इन्टरनेशनलको परियोजना क्षेत्रमा पर्ने कालीकोटको रास्कोट गाउंपालिकामा बाल विवाह, कम उमेरमा हुने विवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको नतिजा र सुझाबहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउंपालिकामा बालविवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघसस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

## १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ति गरिने विवाहको दर घटाउनु रहेको छ । यो एउटा बृहत्तर कार्यपध्दतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन स्वास्थ्यको ज्ञान दिनुका साथै जीवनोपयोगि सीप बृध्दि गर्छ । यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ति गरिने विवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृध्दिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ति गरिने विवाह नहोस ।

यो परियोजनाले समुदाय परिचालनका माध्यामबाट बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ति गरिने विवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो विवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेछ । त्यसै गरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ ।

यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्लाका बिभिन्न १० वटा पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालय र ३४८२२ बालबालिका लाभान्वित हुनेछन ।

**परियोजनाको मूख्य उद्देश्यः**

"नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ति गरिने विवाहका दरलाई घटाउनु ।"

**आशा गरिएका परिणामहरुः**

- बिद्यालयमा बालिकाहरुको निरन्तरता ।
- किशोर किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा ज्ञान अभिबृध्दि ।



त्रिवेणी गाउँपालिकाको कार्यालय, मेहलमुडी, कालिकोट, कर्णाली प्रदेश, नेपाल २०७३

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

- बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ति गरिने विवाहको जोखिममा रहेका बालिका तथा तिनिहरुका परिवारहरुाको आर्थिक अभिबृध्दिका अवशरहरुको सवलीकरण ।
- समुदायले छोरीहरुलाई महत्व दिने र तिनिहरुको ढिलो विवाहको लागि सहयोग गर्ने खालका मूल्य मान्यताको अनुशरण ।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा बाल अधिकार उलंघन खास गरी बाल विवाह, छिटो गरि हुने विवाह तथा जबरजस्ती गरिने विवाहलाई रोकथाम गर्न सरोकारवालाको सक्रियतामा बृद्धि ।

## १.३ सर्वेक्षणको उद्देश्य

सर्वेक्षणको समग्र उदेश्य कालीकोटको रास्कोट गाउँपालिकामा बालविवाहको व्यापकता वा चलनको स्थिति पत्ता लगाउनु ।

बालविवाहको व्यापकता वा चलनमा कुन कुन तत्वहरुले प्रभाब पारेको छ पत्ता लगाउनु ।

सर्वेक्षणको नतिजाको आधारमा बाल विवाह, छिटो गरि हुने विवाह तथा जबरजस्ती गरिने विवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु ।

सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने ।



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

# एकाइ २ सर्वेक्षण क्षेत्र र विधि

## २.१ गाउँपालिकाको पृष्ठभुमि (Background of Rural Municipality)

नेपालको कर्णाली क्षेत्रमा स्थित सान्नी त्रिवेणी गाउँपालिकाको स्थापना एउटा दीर्घकालिन सोच "व्यवसायिक, औद्योगिक तथा बहुसांस्कृतिक समुन्नत गाउँ सान्नी त्रिवेणी" का साथ २०३४ सालमा कर्णाली अञ्चलको कालिकोट जिल्लामा भएको हो र भौगोलिक अवस्थितिलाई मध्यनजर गर्दै मिति २०७४/०६/०१ गते देखि नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट सान्नी त्रिवेणी गाउँपालिकाको स्तरोन्नती भई सान्नी त्रिवेणी गाउँपालिका हुन गएको हो ।

सान्नी त्रिवेणी गाउँपालिकामा कूल ९ वडा रहेका छन् । १३६.७१ वर्ग कि.मि.को क्षेत्रफलमा फैलिएको सान्नी त्रिवेणी गाउँपालिकाको भु-आकृतिक स्वरुप करिब सबै जसो हिमालि भाग रहेको छ भने यसको पूर्वमा रासकोट नगरपालिका रहेको छ भने पश्चिममा नरहरिनाथ गा. पा को रुप्सा रहेको छ, उत्तरमा बाजुराको त्रिवेणी गाउँपालिका रहेको छ भने दक्षिणमा खाडाँचक्र नगरपालिका रहेको छ । यसको शालाखाला अधिकतम तापक्रम ३५ डिग्री र न्यूनतम तापक्रम -८ डिग्री रहेको पाइन्छ । यो समुद्री सतहदेखि १५९१ मि. (५२१८.४८ फिट) को उचाइँमा काठमाडौं देखि ७५४ कि. मि.को दूरीमा स्थित रहेको छ । साल २०६८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १२८४६ रहेको छ।

सिमाना पुर्वः पूर्वमा रासकोट नगरपालिका रहेको छ भने पश्चिममा नरहरिनाथ गा. पा को रुप्सा रहेको छ, उत्तरमा बाजुराको त्रिवेणी गाउँपालिका रहेको छ भने दक्षिणमा खाडाँचक्र नगरपालिका रहेको छ ।

## २.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको एनोनिमस मात्रात्मक विधि प्रयोग गरिएको थियो । यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्बेक्षण गरिएको थियो । सर्बेक्षण गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो ।

कालिकोटको रास्कोटा, सन्नित्रिवेणी र नरहरिनाथ, जुम्ला जिल्लाको सिन्जा, हिमा र कनकसुन्दरी तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउपालिका/नगरपालिकाका सबै वडाहरूलाई यो सर्बेक्षणमा समेटिएको थियो ।

यो सर्बेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समाबेस गरिएको थियो ।



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

## २.३ नमूना छनौट प्रक्रिया र नमूना

२७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र विवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । रास्कोट पालिकाबाट सबै वडाहरू चयन गरिएको थियो । कुल मिलाएर १२८ (महिला ५० र पुरुष ७८) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । समुदायमा गणकहरुले विवाह भएको घर पत्ता लगाउन स्नोबल नमूना प्रविधि प्रयोग गरिएको थियो । गणकहरूले विवाह भएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिई सो घरमा अन्तर्वार्ता लिन्छन् । त्यसपछी सो अन्तर्वार्ता दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो विवाह भएको घरको बारेमा जानकारीलिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन् ।

समग्रमा, ३९% महिला र ६१% पुरुष उत्तरदाताहरूको अन्तर्वार्ता लिएको थियो जहाँ त्यसपछि ६७% ब्राह्मण/क्षेत्री र २७% पहाडी दलित जाति थिए भने ५ प्रतिशत अन्य समुदायका थिय । यसरिनै, १३% २० वर्ष उमेर समुहका, ३५% उत्तरदाता २०-४० वर्ष उमेर समूहका, त्यसपछि ४४% ४१-६० वर्ष उमेर समूहका, र ९% उतरदाता ६१ वर्षभन्दा माथिका थिए।

| वडा न | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४ | २१% | १५ | ७९% | १९ |
| २ | ७ | ३२% | १५ | ६८% | २२ |
| ३ | ५ | २९% | १२ | ७१% | १७ |
| ४ | ६ | ५०% | ६ | ५०% | १२ |
| ५ | ५ | ५६% | ४ | ४४% | ९ |
| ६ | ९ | ५३% | ८ | ४७% | १७ |
| ७ | ४ | ५७% | ३ | ४३% | ७ |
| ८ | ४ | २५% | १२ | ७५% | १६ |
| ९ | ६ | ६७% | ३ | ३३% | ९ |
| **जम्मा** | **५०** | **३९%** | **७८** | **६१%** | **१२८** |

## २.४ डाटा सङ्कलन विधि

सर्वेक्षण प्रश्नावली कोबो टूलबक्स (KoBo Toolbox) मा डिजाइन गरिएको थियो, मोबाइलमा आधारित डाटा सङ्कलनका लागि नि:शुल्क र खुला स्रोत सफ्टवेयर कोबो टूलबक्स प्रयोग गरिएको थियो । मोबाईलमा आधारीत कोबो कलेक्ट एप प्रयोग गरेर घरपरिवार सर्वेक्षण गरिएको थियो। यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समाबेस गरिएको थियो।

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

स्थानीय साझेदार सस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो। उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनोट प्रक्रियाबारे दुई दिने तालिम दिइएको थियो तालिमकै दौरान मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो । प्रश्नावलीहरू पूर्व-परीक्षण (Pre-test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो ।

प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषण गरिएको थियो।

## २.५ बाल संरक्षण, सहमति र गोपनीयता

स्थानीय साझेदारहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि गाउपालिका/नगरपालिकाबाट लिखित सहमति प्राप्त गरेका थिए। गणकहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि अध्ययनमा सहभागीहरूबाट लिखित सहमति प्राप्त गरेका थिए र यदि उत्तरदाताको उमेर १८ वर्ष भन्दा कम छ भने, उसको/उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको थियो। अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो।
तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालबालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो।

## २.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाब र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो। प्रतिक्रिया/सुझाबहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो । समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व-परीक्षण गरिएको थियो । परियोजना स्थानहरूमा तथ्याङ्क सँकलन लागि मोबाइल एप्समा आधारित कोबो टूलबक्स प्रयोग गरिएको थियो।
सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो । वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो।

## २.७ अध्ययनको सीमितता

अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ।



कर्णाली प्रदेश, २०७२

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन्।

अध्ययन क्षेत्र/परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले वालविवाहको न्यूनिकरणमा योगदान पुर्याएको पनि हुन सक्छ ।



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

# एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings)

## ३.१ विवाह गर्ने कानुनी उमेर बारे जानकारी

| वडा | छ | % | छैन | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | १२ | ६३% | ७ | ३७% | १९ |
| २ | १४ | ६४% | ८ | ३६% | २२ |
| ३ | १५ | ८८% | २ | १२% | १७ |
| ४ | ६ | ५०% | ६ | ५०% | १२ |
| ५ | ५ | ५६% | ४ | ४४% | ९ |
| ६ | १७ | १००% | ० | ०% | १७ |
| ७ | ७ | १००% | ० | ०% | ७ |
| ८ | ३ | १९% | १३ | ८१% | १६ |
| ९ | ५ | ५६% | ४ | ४४% | ९ |
| जम्मा | ८४ | ६६% | ४४ | ३४% | १२८ |

यो अध्ययनमा सहभागि भएका १२८ घरपरिवारहरू मध्ये समग्रमा ६६ प्रतिशत सहभागिहरूलाई विवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर ६ र ७ का सहभागिलाई बढी (१०० %) थाह भएको पाईयो भने वडानं ३ का सहभागीहरू मध्ये ८८ प्रतिशतलाइ तथा वडानं २ र १ का सहभागिहरुलाइ क्रमशः ६४ र ६३ प्रतिशतलाइ थाहा भएका पाईयो । त्यस्तै क्रमशः वडा नम्बर ९, ५, ४ र ८ का सहभागिहरुलाई विवाह गर्ने कानुनी उमेरको बारेमा क्रमशः कम जानकारी भएको पाईयो ।

तालिका २: लैङ्गिकता अनुसार विवाह गर्ने कानूनी उमेरको बारेमा ज्ञान

| वडा | थाह भएको | | | | | | थाह नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ३ | २५% | ९ | ७५% | १२ | ६३% | १ | १४% | ६ | ८६% | ७ | ३७% | १९ |
| २ | ४ | २९% | १० | ७१% | १४ | ६४% | ३ | ३८% | ५ | ६३% | ८ | ३६% | २२ |
| ३ | ४ | २७% | ११ | ७३% | १५ | ८८% | १ | ५०% | १ | ५०% | २ | १२% | १७ |
| ४ | ४ | ६७% | २ | ३३% | ६ | ५०% | २ | ३३% | ४ | ६७% | ६ | ५०% | १२ |
| ५ | ३ | ६०% | २ | ४०% | ५ | ५६% | २ | ५०% | २ | ५०% | ४ | ४४% | ९ |
| ६ | ९ | ५३% | ८ | ४७% | १७ | १००% | ० | ०% | ० | ०% | ० | ०% | १७ |
| ७ | ४ | ५७% | ३ | ४३% | ७ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ७ |
| ८ | ० | ०% | ३ | १००% | ३ | १९% | ४ | ३१% | ९ | ६९% | १३ | ८१% | १६ |
| ९ | ३ | ६०% | २ | ४०% | ५ | ५६% | ३ | ७५% | १ | २५% | ४ | ४४% | ९ |
| जम्मा | ३४ | ४०% | ५० | ६०% | ८४ | ६६% | १६ | ३६% | २८ | ६४% | ४४ | ३४% | १२८ |



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत
मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

समग्रमा (१२८ जनामा) विवाह गर्ने कानूनी उमेर थाह भएका ८४ जना मध्ये ४० प्रतिशत महिला तथा ६० प्रतिशत पुरुषहरुलाई मात्र विवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो । भने १२८ जनामा ३६ प्रतिशत महिला र ६३ प्रतिशत पुरूषहरूमा विवाह गर्ने कानूनी उमेर थाह नभएको पाईयो । वडागत रुपमा लैङ्गिक अनुसार विवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विवरण माथी तालिका नम्बर २ मा प्रश्तुत् गरीएको छ ।

## ३.२ बालविवाह

### ३.२.१ सान्नीत्रिवेणी गाउँपालिकामा बालबिवाहको अवस्था

यस गाउँपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ६७ प्रतिशत सन् २०२१ मा ६१ प्रतिशत र सन् २०२२ मा ५१ प्रतिशत बाल विवाहको दर पाईयो । बाल विवाहको दर घटेको पाईएतापनि ५१ प्रतिशत बाल विवाह र छिटो विवाह हुनु भनेको जुन नेपालको ओषत दर[1] भन्दा धैरै बढी हो ।

विगत ३ वर्षको बाल विवाहको तुलनात्मक स्थितिः सान्नित्रीवेणी गाउँपालिका




[1] https://nepal.unfpa.org/en/publications/national-strategy-ending-child-marriage-0



सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

**तालिका ३: वडागत बाल विवाह तथा छिटो विवाहको २ बर्षको विवरण**

| वडा नम्बर | सन् २०२१ | | | सन् २०२२ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत |
| वडा न-१ | ५१ | ३५ | ६९% | ३४ | ९ | २६% |
| वडा न-२ | ४३ | ३० | ७०% | ४१ | २५ | ६१% |
| वडा न-३ | ३८ | २९ | ७६% | २५ | १३ | ५२% |
| वडा न-४ | २४ | १७ | ७१% | २४ | ५ | २१% |
| वडा न-५ | २८ | २१ | ७५% | १४ | ८ | ५७% |
| वडा न-६ | ४० | २७ | ६८% | ३० | १७ | ५७% |
| वडा न-७ | ३२ | १९ | ५९% | १३ | ० | ०% |
| वडा न-८ | २२ | १४ | ६४% | ३२ | २० | ६३% |
| वडा न-९ | ३९ | ३० | ७७% | १८ | १३ | ७२% |
| **जम्मा** | **३१७** | **२२२** | **७०%** | **२३१** | **११०** | **४८%** |

यस गाउँपालिकामा सन् २०२२ को एक वर्षमा २३१ जनाको बिवाह भएका थियो । जसमा ११० वटा बालबिवाहमा पर्दछन् जुन जम्मा बिवाह संख्याको ४८ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा ७० प्रतिशत थियो । यस वर्ष वडा नं ९ मा ७२ प्रतिशत, वडानं. ८ मा ६३ प्रतिशत, वडा नं. २ मा ६१ प्रतिशत गरी बढी बालविवाह भएका देखिन्छ । तर अघिल्ला वर्षको तुलनामा सबै वडाहरूमा घटेका देखिन्छ । जुन तालिका ३ मा विष्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४ सन् २०२२ मा लैंगीक रूपमा तथा वडागत बाल विवाह तथा छिटो विवाहको विवरण**

| वडानं | २० बर्ष भन्दा मुनिको विवाह | | | | | | २० बर्ष पारीको विवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ७ | २१% | २ | ६% | ९ | २६% | १२ | ३५% | १३ | ३८% | २५ | ७४% | ३४ |
| २ | १६ | ३९% | ९ | २२% | २५ | ६१% | ६ | १५% | १० | २४% | १६ | ३९% | ४१ |
| ३ | ९ | ३६% | ४ | १६% | १३ | ५२% | ६ | २४% | ६ | २४% | १२ | ४८% | २५ |
| ४ | ५ | २१% | ० | ०% | ५ | २१% | ७ | २९% | १२ | ५०% | १९ | ७९% | २४ |
| ५ | ४ | २९% | ४ | २९% | ८ | ५७% | ३ | २१% | ३ | २१% | ६ | ४३% | १४ |
| ६ | १० | ३३% | ७ | २३% | १७ | ५७% | ७ | २३% | ६ | २०% | १३ | ४३% | ३० |
| ७ | ० | ०% | ० | ०% | ० | ०% | ७ | ५४% | ६ | ४६% | १३ | १००% | १३ |
| ८ | १३ | ४१% | ७ | २२% | २० | ६३% | ३ | ९% | ९ | २८% | १२ | ३८% | ३२ |
| ९ | ७ | ३९% | ६ | ३३% | १३ | ७२% | २ | ११% | ३ | १७% | ५ | २८% | १८ |
| **जम्मा** | **७१** | **३१%** | **३९** | **१७%** | **११०** | **४८%** | **५३** | **२३%** | **६८** | **२९%** | **१२१** | **५२%** | **२३१** |

यस गाउँपालिकामा सन् २०२२ को एक वर्षमा २३१ जनाको बिवाह मध्ये जम्मा वाल विवाह भएको मध्ये ३१ प्रतिशत महिलाहरुको र १७ प्रतिशत पुरुषहरुको वाल विवाह भएको पाईयो जसमा यो दर महिलाहरुको सन्दर्भमा सबै भन्दा बढी वडा नम्बर ८ मा ४१ प्रतिशत, वडा नम्बर २ र ९ मा ३९



सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

प्रतिशत रहेको छ । त्यसरीनै पुरुषहरुको हकमा सबै भन्दा बढी वडा नम्बर ९ मा ३३ प्रतिशत वडा नम्बर ५ र ६ मा २९ प्रतिशत र २३ प्रतिशत वडा नम्बर २ र ८ मा २२ प्रतिशत वाल विवाह भएको पाईयो भने जम्मा विवाह मध्ये २३ प्रतिशत महिला र २९ प्रतिशत पुरूषहरूले २० बर्ष पार गरि विवाह गरेका देखिन्छ ।

त्यसैगरी जम्मा विवाह गने महिलाहरू मध्ये र पुरूषहरू मध्ये पनि निम्नानुसारका तालिकामा तुलना गरीएका छ ।

| वडानं | जम्मा बालविवाह गने महिलाके संख्या | % | जम्मा विवाह गने महिलाके संख्या | जम्मा बालविवाह गने पुरूषके संख्या | % | जम्मा विवाह गने पुरूषके संख्या | जम्मा महिला पुरुष |
|---|---|---|---|---|---|---|---|
| १ | ७ | ३७% | १९ | २ | १३% | १५ | ३४ |
| २ | १६ | ७३% | २२ | ९ | ४७% | १९ | ४१ |
| ३ | ९ | ६0% | १५ | ४ | ४0% | १0 | २५ |
| ४ | ५ | ४२% | १२ | 0 | 0% | १२ | २४ |
| ५ | ४ | ५७% | ७ | ४ | ५७% | ७ | १४ |
| ६ | १0 | ५९% | १७ | ७ | ५४% | १३ | ३0 |
| ७ | 0 | 0% | ७ | 0 | 0% | ६ | १३ |
| ८ | १३ | ८१% | १६ | ७ | ४४% | १६ | ३२ |
| ९ | ७ | ७८% | ९ | ६ | ६७% | ९ | १८ |
| **जम्मा** | **७१** | **५७%** | **१२४** | **३९** | **३६%** | **१0७** | **२३१** |

**तालिका ५ सन् २०२२ मा जातिगत तथा वडागत बाल विवाहको विवरण**

| वडा नं | २० बर्ष भन्दा मुनिको विवाह | | | | | | | | २० बर्ष पारीको विवाह | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्ण क्षत्री | % | दलित | % | अन्य | % | जम्मा | % | ब्राहम्ण क्षत्री | % | दलित | % | अन्य | % | जम्मा | % | |
| १ | २ | ६% | ६ | १८% | १ | ३% | ९ | २६% | १३ | ३८% | ७ | २१% | ५ | १५% | २५ | ७४% | ३४ |
| २ | ८ | २0% | १७ | ४१% | 0 | 0% | २५ | ६१% | १३ | ३२% | ३ | ७% | 0 | 0% | १६ | ३९% | ४१ |
| ३ | १२ | ४८% | १ | ४% | 0 | 0% | १३ | ५२% | ११ | ४४% | १ | ४% | 0 | 0% | १२ | ४८% | २५ |
| ४ | २ | ८% | १ | ४% | २ | ८% | ५ | २१% | ६ | २५% | ९ | ३८% | ४ | १७% | १९ | ७९% | २४ |
| ५ | ४ | २९% | ४ | २९% | 0 | 0% | ८ | ५७% | ६ | ४३% | 0 | 0% | 0 | 0% | ६ | ४३% | १४ |
| ६ | १२ | ४0% | ५ | १७% | 0 | 0% | १७ | ५७% | १३ | ४३% | 0 | 0% | 0 | 0% | १३ | ४३% | ३0 |
| ७ | 0 | 0% | 0 | 0% | 0 | 0% | 0 | 0% | १३ | १00% | 0 | 0% | 0 | 0% | १३ | १00% | १३ |
| ८ | १७ | ५३% | ३ | ९% | 0 | 0% | २0 | ६३% | ११ | ३४% | १ | ३% | 0 | 0% | १२ | ३८% | ३२ |
| ९ | ७ | ३९% | ६ | ३३% | 0 | 0% | १३ | ७२% | ५ | २८% | 0 | 0% | 0 | 0% | ५ | २८% | १८ |
| जम्मा | ६४ | २८% | ४३ | १९% | ३ | १% | ११0 | ४८% | ९१ | ३९% | २१ | ९% | ९ | ४% | १२१ | ५२% | २३१ |

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने यस सान्नीत्रिवेणी गाउँपालिकामा जम्मा २३१ विवाह भएकाहरू मध्ये वाल विवाह सबै भन्दा बढी २८ प्रतिशत ब्राहमण क्षेत्री समुदायमा भएको पाईयो भने १९ प्रतिशत दलित समुदायमा भएको पाईयो । वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नम्बर ८ मा ५३ प्रतिशत वडा नम्बर ३ मा ४८ प्रतिशत र वडानम्बर ६ मा ४० प्रतिशत ब्राहमण क्षेत्री समुदायमा वाल विवाहको प्रचलन रहेको देखियो । त्यसरी नै दलित समुदायको सन्दर्भमा हेर्नेहो भने सबै भन्दा बढी वडा नम्बर २ मा ४१ प्रतिशत वडा नम्बर ९ मा ३३ प्रतिशत र वडानम्बर ५ मा २९ प्रतिशत वाल



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

## ३.२.४ बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था

तालिका १०: विवाह हुँदाको शैक्षिक अवस्था अनुसार वडागत विवाहको विवरणः

| वडा नं. | २० वर्ष अघि भएको विवाह | | | | | | | | | | २० वर्ष माथि भएको विवाह | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्नातक तह वा सो | % | कहिलै विध्यालय नभएको | % | माध्यामिक तहसम्म | % | आधारभूत तहसम्म | % | जम्मा | % | स्नातक तह वा सो भन्दा माथि | % | कहिलै विध्यालय नभएको | % | माध्यामिक तहसम्म | % | आधारमूत तहसम्म | % | जम्मा | % | |
| १ | ० | ०% | ६ | ६७% | २ | २२% | १ | ११% | ९ | २६% | ० | ०% | १२ | ४८% | १३ | ५२% | ० | ०% | २५ | ७४% | ३४ |
| २ | १ | ४% | ११ | ४४% | ८ | ३२% | ५ | २०% | २५ | ६१% | १ | ६% | ४ | २५% | ११ | ६९% | ० | ०% | १६ | ३९% | ४१ |
| ३ | १ | ८% | ० | ०% | १२ | ९२% | ० | ०% | १३ | ५२% | २ | १७% | ० | ०% | १० | ८३% | ० | ०% | १२ | ४८% | २५ |
| ४ | ० | ०% | ० | ०% | ५ | १००% | ० | ०% | ५ | २१% | | ०% | ० | ०% | १९ | १०० % | ० | ०% | १९ | ७९% | २४ |
| ५ | ० | ०% | १ | १३% | ६ | ७५% | १ | १३% | ८ | ५७% | ४ | ६७% | १ | १७% | १ | १७% | ० | ०% | ६ | ४३% | १४ |
| ६ | २ | १२% | १ | ६% | १४ | ८२% | ० | ०% | १७ | ५७% | ६ | ४६% | ० | ०% | ७ | ५४% | ० | ०% | १३ | ४३% | ३० |
| ७ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | २ | १५% | ० | ०% | ११ | ८५% | ० | ०% | १३ | १०० % | १३ |
| ८ | ० | ०% | ४ | २०% | १४ | ७०% | २ | १०% | २० | ६३% | १ | ८% | ४ | ३३% | ६ | ५०% | १ | ८% | १२ | ३८% | ३२ |
| ९ | ० | ०% | ५ | ३८% | ८ | ६२% | ० | ०% | १३ | ७२% | ३ | ६०% | ० | ०% | २ | ४०% | ० | ०% | ५ | २८% | १८ |
| जम्मा | ४ | ४% | २८ | २५% | ६९ | ६३% | ९ | ८% | ११० | ४८% | १९ | १६% | २१ | १७% | ८० | ६६% | १ | १% | १२१ | ५२% | २३१ |

समग्रमा सान्नीत्रीवेणि गाउँपालिकाको तथ्याङ्क हेर्दा सन् २०२२ मा अधिकतम ६३ प्रतिशतको वाल विवाह माध्यामिक तहसम्म अध्ययन गर्दै गरीरहदाँ भएको देखिन्छ भने २५ कहिल्यै विद्यालय नगएकाहरू, ८ प्रतिशत आधारभूत तह अध्ययन गरीरहँदा र वाँकि ४ प्रतिशत स्नातक अध्ययन गरिरहँदा वाल विवाह भएको पाईयो ।

तालिका ११: विवाह हुँदाको र विवाह पश्चात शैक्षिक अवस्था अनुसारको वडागत विवाहको विवरण

| वडानं. | विवाह पूर्व विध्यालयमा रहेका | | | | | | | | विवाह पश्चात विध्यालयमा रहेका | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्नातक तह वा सो भन्दा माथि | % | माध्यामिक तहसम्म | % | आधारभूत तह | % | जम्मा | % | स्नातक तह वा सो भन्दा माथि | % | माध्यामिक तहसम्म | % | आधारभूत तहसम्म | % | जम्मा | % | जम्मा |
| १ | ० | ०% | १९ | ९०% | २ | १०% | २१ | ६२% | ० | ०% | १५ | ९४% | १ | ६% | १६ | ४७% | ३४ |
| २ | १ | ३% | २१ | ७२% | ७ | २४% | २९ | ७१% | २ | ८% | १९ | ७३% | ५ | १९% | २६ | ६३% | ४१ |
| ३ | ३ | १२% | २२ | ८८% | ० | ०% | २५ | १०० % | ३ | १२% | २२ | ८८% | ० | ०% | २५ | १००% | २५ |
| ४ | ० | ०% | २४ | १००% | ० | ०% | २४ | १०० % | ० | ०% | २४ | १०० % | ० | ०% | २४ | १००% | २४ |
| ५ | ३ | २१% | ९ | ६४% | २ | १४% | १४ | १०० % | ४ | ३३% | ७ | ५८% | १ | ८% | १२ | ८६% | १४ |
| ६ | ७ | २४% | २२ | ७६% | ० | ०% | २९ | ९७% | ८ | २८% | २१ | ७२% | ० | ०% | २९ | ९७% | ३० |
| ७ | १ | ८% | १२ | ९२% | ० | ०% | १३ | १०० % | २ | १५% | ११ | ८५% | ० | ०% | १३ | १००% | १३ |
| ८ | १ | ३% | २५ | ८३% | ४ | १३% | ३० | ९४% | १ | ४% | २० | ८३% | ३ | १३% | २४ | ७५% | ३२ |
| ९ | ३ | २३% | १० | ७७% | ० | ०% | १३ | ७२% | ३ | २३% | १० | ७७% | ० | ०% | १३ | ७२% | १८ |
| जम्मा | १९ | १०% | १६४ | ८३% | १५ | ८% | १९८ | ८६% | २३ | १३% | १४९ | ८२% | १० | ५% | १८२ | ७९% | २३१ |



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ६ | १००% | ० | ०% | ६ |
| ६ | ९ | ६९% | ४ | ३१% | १३ |
| ७ | ११ | ८५% | २ | १५% | १३ |
| ८ | १२ | १००% | ० | ०% | १२ |
| ९ | ५ | १००% | ० | ०% | ५ |
| जम्मा | १०० | ८३% | २१ | १७% | १२१ |

२० वर्ष उमेर माथि विवाह भएको (१२१) मध्ये जम्मा १७ प्रतिशत विवाहको मात्र विवाह दर्ता भएको देखियो जसमा सबै भन्दा बढी वडा नम्बर ३, १ र ६ मा क्रमशः ३३, ३२ र ३२ प्रतिशत विवाह दर्ता गरेको पाईयो । अधिकाँश सबै वडा हरुमा विवाह भए पछि विवाह दर्ता नगर्ने चलन रहेको देखियो । जुन ८३ प्रतिशत देखिन्छ भने सबैभन्दा बढी वडानं. ५, ८ र ९ मा १०० प्रतिशतले नै विवाह दर्ता नगरेका पाइयो ।

**तालिका ९: २० वर्ष पारी भएको वडागत विवाहको विवरण तथा लैङ्गिक अनुसार विवाह दर्ता विवरण**

| वडा नं. | महिला | | | | | | पुरुष | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवाह दर्ता नभएको | % | विवाह दर्ता भएको | % | जम्मा महिला | % | विवाह दर्ता नभएको | % | विवाह दर्ता भएको | % | जम्मा पुरुष | % | |
| १ | ८ | ६७% | ४ | ३३% | १२ | ४८% | ९ | ६९% | ४ | ३१% | १३ | ५२% | २५ |
| २ | ५ | ८३% | १ | १७% | ६ | ३८% | ९ | ९०% | १ | १०% | १० | ६३% | १६ |
| ३ | ४ | ६७% | २ | ३३% | ६ | ५०% | ४ | ६७% | २ | ३३% | ६ | ५०% | १२ |
| ४ | ७ | १००% | ० | ०% | ७ | ३७% | ११ | ९२% | १ | ८% | १२ | ६३% | १९ |
| ५ | ३ | १००% | ० | ०% | ३ | ५०% | ३ | १००% | ० | ०% | ३ | ५०% | ६ |
| ६ | ५ | ७१% | २ | २९% | ७ | ५४% | ४ | ६७% | २ | ३३% | ६ | ४६% | १३ |
| ७ | ६ | ८६% | १ | १४% | ७ | ५४% | ५ | ८३% | १ | १७% | ६ | ४६% | १३ |
| ८ | ३ | १००% | ० | ०% | ३ | २५% | ९ | १००% | ० | ०% | ९ | ७५% | १२ |
| ९ | २ | १००% | ० | ०% | २ | ४०% | ३ | १००% | ० | ०% | ३ | ६०% | ५ |
| जम्मा | ४३ | ८१% | १० | १९% | ५३ | ४४% | ५७ | ८४% | ११ | १६% | ६८ | ५६% | १२१ |

२० वर्ष उमेर माथि विवाह भएको (१२१) मध्ये जम्मा ४४ प्रतिशत महिलाहरुको र ५६ प्रतिशत पुरूषहरूका विवाह भएका देखिन्छ । २० वर्ष उमेर माथि विवाह भएको महिलाका हकमा जम्मा ५३ जनामा मध्ये १९ प्रतिशत (१० जना) को मात्रै विवाह  दर्ता भएको देखियो भने पुरुषहरुको हकमा ६८ जना मध्ये १६ प्रतिशतको (११ जना) मात्र विवाह दर्ता भएको पाईयो । यो अध्ययनले सान्नीत्रवेणी गाउँपालीकामा महिला र पुरुष दुबै समूहमा विवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ विवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउनु जरुरी देखियो ।



नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

विवाहको चलन रहेको देखियो । त्यसैगरी वडागत रुपमा जातीगत रूपमै जम्मा विवाह भएका मध्ये पनि कुन जातीगत रूपमा कस्ता स्थिती छ भनी निम्न तालिकामा हेर्न सकिन्छ ।

| वडा नं | बालविवाह भएके ब्राह्मण क्षत्री संख्या | % | बालविवाह भएके दलित संख्या | % | बालविवाह भएके अन्य संख्या | % | जम्मा विवाह भएके ब्राह्मण क्षत्रीके संख्या | % | जम्मा विवाह भएके दलितके संख्या | % | जम्मा विवाह भएके अन्यके संख्या | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | १३% | ६ | ४६% | १ | १७% | १५ | ४४% | १३ | ३८% | ६ | ४१% | ३४ |
| २ | ८ | ३८% | १७ | ८५% | 0 | 0% | २१ | ५१% | २० | ५९% | ० | ७३% | ४१ |
| ३ | १२ | ५२% | १ | ५०% | ० | ०% | २३ | १००% | २ | ३२% | ० | ७२% | २५ |
| ४ | २ | २५% | १ | १०% | २ | ३३% | ८ | ६३% | १० | ३३% | ६ | ४२% | २४ |
| ५ | ४ | ४०% | ४ | १००% | ० | ०% | १० | १२१% | ४ | ७९% | ० | ९३% | १४ |
| ६ | १२ | ४८% | ५ | १००% | ० | ०% | २५ | ८३% | ५ | ४०% | ० | ७३% | ३० |
| ७ | ० | ०% | ० | ०% | ० | ०% | १३ | १००% | ० | ५४% | ० | ३८% | १३ |
| ८ | १७ | ६१% | ३ | ७५% | ० | ०% | २८ | ९४% | ४ | ३१% | ० | ७८% | ३२ |
| ९ | ७ | ५८% | ६ | १००% | ० | ०% | १२ | १११% | ६ | ७२% | ० | १००% | १८ |
| जम्मा | ६४ | ४१% | ४३ | ६७% | ३ | २५% | १५५ | ३३% | ६४ | २२% | १२ | ५०% | २३१ |

उक्त तालिका अनुसार ब्राहमण क्षेत्री समुदायमा जम्मा १५५ वटा विवाह भएकामा ६४ विवाह (४१ प्रतिशत) बालविवाह भएका देखिन्छ भने दलित समुदायमा जम्मा ६४ वटा विवाह भएकामा यस बर्ष ४३ विवाह (६७ प्रतिशत) बालविवाह भएका देखिन्छ । वडागत रुपमा हेर्नेहो भने ब्राहमण क्षेत्री समुदायका धैरैजसो बालविवाह वडानं. ८ मा ६१ प्रतिशत, ९ मा ५८ प्रतिशत र ३ मा ५२ प्रतिशत भएका देखिन्छ । साथै दलित समुदायमा सबैभन्दा बढी वडानं. ५, ६ र ९ मा १०० प्रतिशतनै देखिन्छ भने वडानं. २ मा ८५ प्रतिशत, ८ मा ७५ प्रतिशत बालविवाह देखिन्छ ।

### ३.२.२ बिवाहको प्रकार

**तालिका ६ सन् २०२२ मा विवाहको प्रकार तथा वडागत विवाहको विवरण**

